# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।१६ गते ।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला रूपन्देही, सियारी गाउँपालिका, वडा नं. २ बस्ने मृतक बेलर कहारको नाममा कायम रहेको जग्गा कर्मचारीको मिलेमतोमा नक्कली जग्गाधनी कायम गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, रूपन्देही, भैरहवाका तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्य, मालपोत अधिकृत भूमिश्वर ढकाल, नायब सुब्बा राजु शर्मा, खरिदार अजित कुमार साहनी, सियारी गाउँपालिका, वडा नं. २ का तत्कालीन वडा अध्यक्ष राम किशन थारू र तत्कालीन वडा सदस्य वृजनारायण यादव र जिल्ला रूपन्देही, सियारी गाउँपालिका, वडा नं. २ बस्ने बेलर कहारको भाइ भनिएका बुद्धिराम कहार समेतको आपसी मिलेमतो तथा योजनामा स्व. बेलर कहारको हकवालाको हक मेट्ने बदनियतले फर्जि कागजात तयार गरी निर्णय गरे गराएको देखिएको, जिल्ला अदालत रूपन्देहीबाट सियारी गाउँपालिका, वडा नं. २ को कार्यालयबाट बुद्धिराम कहार स्व. बेलर कहारको भाइ हुन् भनी तयार भए गरेका नाता प्रमाणित, सर्जमीन मुचुल्का, चारकिल्ला प्रमाणित र सिफारिस समेतका काजगातहरू फर्जी रहेकोले बदर हुने ठहरी फैसला भएकोले स्व. बेलर कहारको नाममा रहेको जग्गा निजको हक खाने छोरी सन्जु कहारको नाममा हकहस्तारण नगरी नगराई उक्त जग्गामा निजको हक मेटाउने बदनियतपूर्ण उद्देश्यले प्रतिवादी बुद्धिराम कहारको हक नपुग्ने जिल्ला रूपन्देही, सियारी गाउँपालिका, वडा नं. २, साविक मैनहिया गा.वि.स. वडा नं. ४क कि.नं. ४०,७६४,९१७,९२९ र वडा नं. ४ख कि.नं. ४५,४६,२० का कित्ताको कुल क्षेत्रफल २-०-५ बिघाहा जग्गा निजको नाममा कायम गर्न गराउन गलत व्यहोराको सर्जमिन मुचुल्का तयार गर्ने गराउने सरकारी/सार्वजनिक संस्थाबाट हक हस्तान्तरण तथा नामसारी दा.खा. सम्बन्धी गलत लिखत तयार गरी गराई निर्णय गरे गराएको, सोही गलत निर्णयको आधारमा सरकारी/सार्वजनिक संस्थाको अभिलेखमा झुट्टा विवरण थपघट तथा हेरफेर गरी गराई प्रविष्ट गरे गराएको, सोही बमोजिम गलत श्रेस्ता/पूर्जा जारी गरे गराएको तथ्य पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहायबमोजिमका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | मालपोत कार्यालय, रूपन्देही, भैरहवाका तत्कालीन प्रमुख मालपोत अधिकृत **कुमार आचार्य** र मालपोत अधिकृत **भूमिश्वर ढकाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | मालपोत कार्यालय, रूपन्देही भैरहवाका तत्कालीन नायव सुब्बा **राजु शर्मा** र खरिदार **अजित कुमार साहनी** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी |

| | | |
|---|---|---|
| | | लिइएको छ। |
| ३. | जिल्ला रूपन्देही, सियारी गाउँपालिका वडा नं. २ का तत्कालीन वडा अध्यक्ष **राम किशन थारू** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ४. | जिल्ला रूपन्देही, सियारी गाउँपालिका वडा नं. २ का तत्कालीन वडा सदस्य **वृजनारायण यादव** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ५. | प्रतिवादी **बुद्धिराम कहार** | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ९, दफा ११ र १९(२) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १९(२) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने